श्री

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर

इजलास

माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना

लेखा सदस्य श्री बासुदेव खनाल

<u>फैसला</u>

२०७९/८० सालको निर्णय नं. ४६३

पुनरावेदन नं. ०७७-RB-०४५१

पुनरावेदन दर्ता मितिः २०७७।१०।१३

<u>मुद्दाः– अग्रिम कर (आ.व.२०७१/०७२)।</u>

मकवानपुर जिल्ला बासमाडी स्थित रजिष्टर्ड कार्यालय रही का.जि.का.म.न.पा. वडा नं.१० बानेश्वरमा कर्पोरेट कार्यालय रहेको युनिलिभर नेपाल लिमिटेडको तर्फबाट अख्तियारी एलिना आचार्य........................................................................१ } पुनरावेदक

<u>विरुद्ध</u>

श्री ठुला करदाता कार्यालय, हरिहरभवन, ललितपूर............................................१
श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं............................................१ } प्रत्यर्थी

<u>शुरु निर्णय गर्ने कार्यालय र अधिकारी</u>

शुरु निर्णय गर्ने कार्यालय :- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारी :- प्रमुख कर प्रशासक श्री धनिराम शर्मा

शुरु कार्यालयको निर्णय मिति :-२०७६।०५।१८

<u>प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी</u>

निर्णय गर्ने कार्यालय :- आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं

निर्णय गर्ने पदाधिकारी :- महानिर्देशक श्री बिनोद बहादुर कुँवर

निर्णय मिति :- २०७७।०३।२८

<u>उपस्थित कानून व्यवसायीहरु</u>

पुनरावेदकका तर्फबाट :- विद्वान अधिवक्ता श्री विशेष थापा

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट :- विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अवलम्वित नजीरः** ×

आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।२८ मा भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम पर्न आएको यो पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**तथ्य खण्ड**

१. ठुला करदाता कार्यालयको कार्यक्षेत्र अन्तर्गत कारोवार गर्ने करदाता श्री नागरिक लगानी कोषको आर्थिक वर्ष २०७१।०७२ को अग्रिम कर कट्टी कर परीक्षण गर्ने क्रममा करदाता श्री यूनिलिभर नेपाल लिमिटेडबाट आर्थिक वर्ष २०७१/०७२ मा अवकाश पाएका कर्मचारीहरूको अवकाश भुक्तानीको अग्रिम कर कट्टी परीक्षण गर्दा आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम १५% का दरले अग्रिम कर कट्टी गर्नुपर्नेमा सो बमोजिमको अग्रिम करकट्टी गरेको नपाइएकोले ऐनको दफा ८८(१) बमोजिमको अग्रिम करकट्टी माग गर्नु पर्ने भएकोले सो वमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले दिन १५ (पन्ध भित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम अग्रिम कर कट्टी रकम दाखिला गर्ने बारेको कारण र आधार समेत खुलाईएको सूचना ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताको नाममा मिति २०७६।०४।०५ मा जारी गरिएको।

२. ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट मिति २०७६।०४।०५ मा जारी भएको सूचना करदाताले मिति २०७६।०४।१९ मा वुझिलिई सोको लिखित जवाफ मिति २०७६।०५।०१ मा पेश गरेको।

३. ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट मिति २०७६।०४।०५ मा जारी भएको अग्रिम कर कट्टी सम्बन्धी सूचनामा कुनै पनि परिवर्तन गर्नु पर्ने नदेखिएकोले सोही बमोजिम करदाताको आ.व. २०७१/०७२ को लागि रु.१,७०,७२५।- अग्रिम कर माग गर्न आयकर ऐन, २०५८ को दफा ९०(८) वमोजिम कर अधिकृतले अग्रिम कर माग गरी करदातालाई अग्रिम कर दाखिला गर्ने आदेश दिने भनी ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७६।०५।१८ मा खडा भएको निर्णय पर्चा।

४. ठूला करदाता कार्यालय, ललितपुरबाट नागरिक लगानी कोषको आ.व २०७१/०७२ को अग्रिम कर कट्टी परीक्षण गर्ने क्रममा त्यस लिमिटेडले नागरिक लगानी कोषवाट संचालित उपदान कोष योजना तथा लगानीकर्ता हिसाव योजनामा योगदान गरेको उपदान, संचित बिदा तथा औषधीउपचारको रकम युनिलिभर नेपाल लिमिटेडका कर्मचारी अवकाश हुंदा नागरिक लगानी कोषवाट भएको अवकाश भुक्तानीमा आयकर ऐन, २०५८ को दफा ८८(१) वमोजिम अग्रिम कर कट्टी गरी दाखिला गर्नुपर्नेमा कम भुक्तानी गरेको देखिएकोले उक्त रकम दाखिला गर्न यस कार्यालयको मिति २०७६।०५।१९ को निर्णयानुसार यो सूचना प्राप्त भएको मितिले सात दिनभित्र वा हुलाकबाट रजिष्ट्री गरेर पठाएको १५ (पन्ध्र)

दिन भित्र बैकमा दाखिला गर्नुहुन आयकर ऐन, २०५८ को दफा ९० को उपदफा (८) बमोजिम च.नं. ८० को पत्रबाट ठूला करदाता कार्यालय, ललितपुरले करदाताको नाममा मिति २०७६।०६।०१ मा अग्रिम करकट्टी रकम दाखिला गर्ने बारे सूचना जारी गरिएको।

५. ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७६।०६।०१ मा करदाता श्री यूनिलिभर नेपाल लि.को नाममा जारी भएको अग्रिम करकट्टी रकम दाखिला गर्ने बारेको सूचना करदाताले मिति २०७६।०६।०८ मा बुझिलिएको।

६. ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट अग्रिम कर तर्फ आर्थिक वर्ष २०७१/०७२ को लागि मिति २०७६।०६।०१ मा जारी भएको अग्रिम कर कट्टी आदेश उपर चित्त नबुझाई करदाता यूनिलिभर नेपाल लि. (स्थायी लेखा नम्बर ३०००००६००७) ले प्रशासकीय पुनरावलोकन गरि पाउँ भनी मिति २०७६।०७।०४ मा आन्तरिक राजस्व विभाग लाजिम्पाट, काठमाडौमा पेश गरेको निवेदन पत्र।

७. करदाता युनिलिभरको हकमा नागरीक लगानी कोष भुक्तानी कर्ता नभई भुक्तानीको माध्यम मात्र भएको र बास्तविक भुक्तानीकर्ता निवेदक कम्पनि नै भएको हुँदा निवेदक कम्पनीले कर्मचारीलाई अवकाश भुक्तानी दिने क्रममा सिफारिस गर्दा वा भुक्तानी आदेश दिँदा आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (१) बमोजिम १५ प्रतिशतले कर कट्टी गर्नुपर्ने गरी भुक्तानी आदेश दिनुपर्नेमा सो नगरेकाले आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (१) बमोजिम करयोग्य अवकाश भुक्तानी रु.५,५३,४१३।- को १५ प्रतिशतले हुने रकम रु.८३,०१२।- करकट्टी गरी दाखिला गर्नुपर्नेमा जम्मा रु.२,६७१।- मात्र कट्टी तथा दाखिला गरी रु.८०,३४१।- कम दाखिला भएको देखिएकोले सो रकममा आयकर ऐन, २०५८ (संशोधन सहित) को दफा ११९ बमोजिम लाग्ने ब्याज तथा दफा १२० को देहाय खण्ड (क) बमोजिमको शुल्क समेत थप गरी कर कट्टीको लागि वास्तविक जिम्मेवार रोजगारदाता यूनिलिभर नेपाल लिमिटेडको नाममा कार्यालयबाट भएको अग्रिम कर निर्धारण कानून सम्मत देखिएकोले निवेदकको जिकिर नपुग्ने ठहर्छ भनी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।२८ मा भएको निर्णय।

८. आयकर ऐन, २०५८ को दफा ८८(१) मा भएको व्यवस्था अनुसार अवकाश भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने हुन्छ तर ऐ.ऐनको दफा ८८(१) को प्रतिबन्धात्मक व्यवस्थामा नेपाल सरकार वा स्वीकृत अवकाश कोषबाट भएको अवकाश भुक्तानीको हकमा दफा ६५ को उपदफा (१) को खण्ड (ख) वमोजिम गणना गरिएको लाभमा पाँच प्रतिशतले कट्टा गर्नुपर्ने उल्लेख भएको र उक्त भुक्तानी ऐ.ऐनको प्रतिबन्धात्मक व्यवस्था अनुरुपको भएकोले समेत ५ प्रतिशतको दरले कर कट्टी गर्नुपर्ने हुन्छ। कानुनतः अग्रिम कर कट्टी गर्ने दायित्व एंव कर्तव्य सम्बन्धित भुक्तानीकर्ताको रहने व्यवस्था आयकर ऐन, २०५८ को दफा ८७(१) को व्यवस्था बाट स्पष्ट हुन्छ। कानुनले नै भुक्तानी गर्दाको बखत अग्रिम कर कट्टा गर्नुपर्ने दरमा कट्टा गरी

बाँकी रकम मात्र भुक्तानी गर्नुपर्ने कर्तव्य एंव दायित्व भुक्तानी कर्तालाई प्रदान गरेकोले सो अनुसार कर कट्टी नगरी भुक्तानी गरेमा सो को कारणले वहन गर्नुपर्ने दायित्व सम्बन्धित भुक्तानीकर्ताको नै हुने कानूनी व्यवस्था भएको हुँदा विपक्षी कार्यालयबाट भएको त्रुटिपुर्ण कर निर्धारण आदेश सोही आदेशलाई सदर गर्नेगरी आन्तरीक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय बदर गरी कानुन विपरित को कर, विलम्ब शुल्क, जरिवाना लगायतका दायित्वबाट उन्मुक्ती पाउँ भन्ने समेत व्यहोराको जिकिर लिई करदाता यूनिलिभर नेपाल लिमिटेडका तर्फबाट मिति २०७७।१०।१३ मा दर्ता भएको पुनरावेदन पत्र।

९. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दाफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने मिति २०७९।१२।२४ मा यस न्यायाधिकरणबाट भएको आदेश।

## ठहर खण्ड

१०. नियम बमोजिम पेशी सूचिमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता श्री युनिलिभर नेपाल लिमिटेडका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिबक्ता श्री विशेष थापाले ठूला करदाता कार्यालय हरिहरभवन ललितपुरबाट करदाताको हकमा भएको अग्रिम कर निर्धारणको आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत मिलेको नहुँदा बदर गरी पाउँ भनी गर्नु भएको वहस समेत सुनियो ।

११. प्रत्यर्थी विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगीता थोकरले शुरु कार्यालयबाट भएको अग्रिम कर निर्धारणको आदेश तथा सो आदेशलाई सदर गरी अन्तरिक राजस्व विभागका महानिर्देशकले गरेको निर्णय समेत कानुन सम्मत नै रहेको देखिंदा सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

१२. करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताको हकमा भएको मिति २०७६।०५।१८ को अग्रिम कर निर्धारणको आदेश तथा प्रशासकीय पुनरावलोकनको क्रममा आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको मिति २०७७।०३।२८ को निर्णय मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१३. निर्णय तर्फ विचार गर्दा, पुनरावेदक करदाताले नागरिक लगानी कोषमा जम्मा गरेको रकम स्वीकृत अवकाश कोषबाट भएको भुक्तानी हुँदा पाँच प्रतिशत मात्र अग्रिम कर कट्टा गर्नुपर्ने भई सोही बमोजिम गरेकोमा विपक्षी ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरले १५ प्रतिशतका दरले कट्टा गर्नु पर्ने भनी नपुग रकम रु.८०,३४१।- र सो रकममा आयकर

ऐन, २०५८ को दफा ११९ बमोजिम लाग्ने व्याज (मिति २०७२ श्रावण देखि २०७६ भाद्रसम्मको) रु.५०,२१३।- र सोही ऐनको दफा १२०(क) बमोजिम ५० प्रतिशत शुल्क रु.४०,१७१ समेत कूल जम्मा रु.१,७०,७२५।- करदाताले दाखिल गर्नुपर्ने गरी भएको निर्णय त्रुटिपूर्ण रहेको भन्ने जिकिर लिएको देखियो ।

१४. नागरिक लगानी कोषले विभिन्न अवकाश कोष योजनाहरू संचालन गरी अवकाश भुक्तानी गर्ने सन्दर्भमा उक्त योजनाहरू मध्ये उपदान कोष योजना र लगानीकर्ता हिसाव योजना संचालन गरी रोजगारदाता संस्थाहरूले आफ्ना कर्मचारीहरूको लागि उल्लिखित योजनाहरूमा जम्मा गरिदिएको उपदान, औषधी उपचार र संचित विदाको रकम कर्मचारीको अवकाश भएपछि भुक्तानी गर्ने गरेको देखियो। पुनरावेदक करदाताले उपदान कोष योजना तथा लगानीकर्ता हिसाब योजनामा रहेको रकम भुक्तानी गर्दा नागरिक लगानी कोषले भुक्तानी रकमको ५० प्रतिशत वा पांच लाख मध्ये जुन बढी हुन्छ सो रकम घटाई हुने भुक्तानीमा पांच प्रतिशतले कर कट्टी गरेको देखियो। अवकाश कोष भुक्तानीका सम्वन्धमा आयकर ऐन, २०५८ को दफा ६५ को उपदफा (१) मा "कुनै प्राकृतिक व्यक्तिको कुनै स्वीकृत अवकाश कोषमा रहेको योगदानमा आधारित हितबाट भएको वा नेपाल सरकारबाट भएको अवकाश भुक्तानी आय गणना गर्ने प्रयोजनको लागि देहाय बमोजिम हुनेछ :-

(क) सो कोषमा रहेको हित बापत सो कोषले गरेका अवकाश भुक्तानीहरुलाई आयमा समावेश गर्नु पर्नेछ, र

(ख) खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि यदि त्यस्तो भुक्तानी एकमुष्ठ रुपमा गरिएको छ भने यसरी गरिएको भुक्तानी रकमबाट सो भुक्तानी रकमको पचास प्रतिशत वा पाच लाख रुपैयामध्ये जुन बढी हुन्छ सो रकम घटाई हुने भुक्तानीलाई सो प्राकृतिक व्यक्तिको गैरव्यावसायिक करयोग्य सम्पत्तिको निःसर्गबाट प्राप्त लाभ मानिनेछ"। भन्ने उल्लेख भएको देखिन्छ।यसरी नै सो दफाको उपदफा (२) मा "कुनै प्राकृतिक व्यक्तिको कुनै स्वीकृति नलिएको अवकाश कोषमा रहेको हितबाट भएको लाभ गणना गर्ने प्रयोजनका लागि देहाय बमोजिम हुनेछः-

(क) बासिन्दा व्यक्तिबाट रकम भुक्तानी गरिएकोमा अन्तिम रुपमा हुने कर कट्टीको रुपमा सो हिताधिकारी उपर सो रकममा कर लाग्नेछ, र

(ख)गैरबासिन्दा व्यक्तिले रकम भुक्तानी गरेकोमा, सो हिताधिकारीको आय गणना गर्दा सो रकम समावेश गर्नु पर्नेछ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ।

१५. उल्लिखित कानूनी व्यवस्था अनुसार हिताधिकारीको कुनै योगदान नहुने अवकाश कोषवाट भएको भुक्तानी स्वतः नन्कण्ट्रीव्यूटरी फण्डवाट भएको भुक्तानी हुन जाने विषयमा विवाद देखिएन। पुनरावेदक करदाताले अवकाश प्राप्त गर्ने कर्मचारीलाई अवकाश भुक्तानीको लागि नागरिक लगानी कोषलाई भुक्तानीको आदेश दिंदा कर्मचारीको योगदान रहे वा नरहेको

बेहोरा खुलाई विवरण उपलब्ध गराउनु पर्ने देखिँदा रोजगारदाता निकायहरूले नागरिक लगानी कोषलाई भुक्तानी आदेश दिने भएकोले अवकाश भुक्तानीको कर कट्टीमा नागरिक लगानी कोषको सट्टा भुक्तानी आदेश दिने रोजगारदाता पुनरावेदक नै जिम्मेवार हुने देखिन्छ ।

१६. नागरिक लगानी कोषले अवकाश कोष संचालन गरी अवकाश प्राप्त कर्मचारीलाइ भुक्तानी गरेको उपदान, संचित विदा तथा औषधीउपचारको रकम रोजगारदाता कम्पनी वा संस्थाहरूले आफ्ना कर्मचारीहरूको अवकाशपछिको सेवा निवृत्त जीवनका लागि संस्थागत रूपमा जम्मा गरिएको रकम भएको देखियो। यसमा कर्मचारीको तर्फवाट योगदान भएको देखिदैन। कर्मचारीको योगदान रहेको जिकिर करदाताले लिन सकेको वा सोको कुनै प्रमाण पेश गरेको पनि मिसिलबाट देखिएन। आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (१) मा "बासिन्दा ब्यक्तिले नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क, कमिशन, बिक्री वोनस, अवकाश भुक्तानी र अन्य कुनै प्रतिफल तथा अवकाश भुक्तानीको रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नु पर्नेछ" भन्ने व्यबस्था रहेको पाइन्छ। तर नागरिक लगानी कोषले उपदान कोष योजना र लगानीकर्ता हिसाब योजनामा संचित रहेको रोजगारदाता कम्पनी वा संस्थामा कार्यरत अवकाशप्राप्त कर्मचारीलाई उपदान, तथा औषधीउपचारको रकम भुक्तानी गर्दा भुक्तानी रकमको ५० प्रतिशत वा पांच लाख मध्ये जुन बढी हुन्छ सो रकम घटाई हुने भुक्तानीमा पांच प्रतिशतले कर कट्टी गरेको देखियो। पुनरावेदक करदाताले कर्मचारीलाई अवकाश भुक्तानी दिने क्रममा सिफारिस गर्दा वा भुक्तानी आदेश दिँदा आयकर ऐन, २०५८ (संशोधन सहित) को दफा ८८ को उपदफा (१) बमोजिम १५ प्रतिशतले कर कट्टी गर्नुपर्ने गरी भुक्तानी आदेश दिनुपर्नेमा सो गरेको देखिएन।

१७. अवकाश कोषमा रहेको रकम भुक्तानी गर्दा अग्रिम कर कट्टा गरी कर तिर्ने जिम्मेवारी नागरिक लगानी कोषको नभई पुनरावेदक करदाताकै रहेको देखिन आउँछ। यस्तो अवस्थामा आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम भुक्तानीका बखत १५ प्रतिशतले हुने रु.८३,०१२।- अग्रिम कर कट्टी गरी दाखिला गर्नुपर्नेमा सो बमोजिम कट्टी गरेको नदेखिएकोले सो रकममा आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम लाग्ने व्याज, दफा १२०(क) बमोजिम लाग्ने शुल्क समेत गरी जम्मा रु.१,७०,७२५।- योगदानकर्ता कम्पनी श्री युनिलिभर नेपाल लिमिटेडले दाखिल गर्नुपर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट भएको निर्णय तथा सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णयलाई अन्यथा मान्नु पर्ने देखिएन।

१८. तसर्थ माथि विवेचित आधार र कारणबाट करदाता युनिलिभर नेपाल लि.(स्थायी लेखा नं.३००६००७) को आ.व. २०७१/०७२ को हकमा आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम अग्रिम कर माग गर्ने गरी ठूला करदाता कार्यालय ललितपुरबाट मिति

२०७६।०५।१९ मा भएको आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।२८ मा भएको निर्णय समेत मिलेकै देखिदा सदर हुने ठहर्छ।करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन।अरुमा तपसिल बमोजिम गर्नू।

**तपसिल खण्ड**

१. फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकील कार्यालय काठमाडौलाई दिनू।
२. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।
३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरू मिसिल ठूला करदाता कार्यालय पठाई रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
ईजलास अधिकृतः- लक्ष्मी प्रसाद शर्मा
इतिसम्बत २०८० साल जेष्ठ ३२ गते रोज ५ शुभम्--------------------
प्रमाणीकरण गर्नेः-
प्रमाणीकरण मितिः- राजस्व न्यायाधिकरण काठमाडौंको छाप